## फिदिम नगरकार्यपालिकाको ६८ औँ बैठकका एजेण्डा/प्रस्तावहरु

| क्र.सं | कार्यसूची/छलफलका विषयवस्तु | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| अध्यक्षता- नगरप्रमुख श्री मित्र प्रसाद काफ्लेज्यूबाट | | | |
| १. | स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा (३) (ग)बमोजिम पदपूर्ति समितिको विषयविज्ञ सदस्य तोक्ने सम्बन्धमा। | अध्यक्षज्यू/आज्ञाले कार्यपालिका सचिव | |
| २. | कर्मचारीहरूको म्याद थप र तलब स्केल सम्बन्धमा। | | |
| ३. | घ वर्गको निर्माण व्यवसायीको इजाजत प्राप्त गर्न पेश भएको मागनिवेदन उपर कारबाही गर्ने सम्बन्धमा । | | |
| ४. | टोल विकास संस्था गठन सम्बन्धी आवश्यक कानुनको मस्यौदा तर्जुमा सम्बन्धमा । | | |
| ५. | फिदिम नगरपालिका शिक्षा नियमावली, २०७४ को संशोधन सम्बन्धमा। | | |
| ६. | राहत अनुदान रकम निकाशा माग गर्ने सम्बन्धमा। | | |
| ७. | फोहरमैला व्यवस्थापनको लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार आवश्यक प्रकृया बढाउने सम्बन्धमा। | | |

# फिदिम नगर कार्यपालिका बैठक

बैठक संख्या:- ६८
बैठक मिति: २०७९/०३/३१

नेपालको संविधानको धारा २१४ (क) मा नगरपालिकाको कार्यकारिणी कार्य सञ्चालन नगर कार्यपालिकाको नाममा हुने व्यवस्था भएकोले फिदिम नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम नगर कार्यपालिकाका प्रमुख श्री मित्र प्रसाद काफ्लेज्यूको अध्यक्षतामा देहायका उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णयहरु गरियो।

देहायः

प्रमुख श्री मित्र प्रसाद काफ्ले
उपप्रमुख श्री राधा कृष्ण न्यौपाने
सदस्य श्री गजा धर भट्टाराई
सदस्य श्री दिनानाथ अधिकारी
सदस्य श्री जानुका श्रेष्ठ
सदस्य श्री उपेन्द्र लावती
सदस्य श्री भरत तुम्बापो
सदस्य श्री विपन तुम्रोक
सदस्य श्री रुपेन्द्र तामाङ्ग
सदस्य श्री सोम बहादुर गुरुङ्ग
सदस्य श्री गंगा प्रसाद राई
सदस्य श्री ओम राज थाम्सुहाङ
सदस्य श्री राजेन्द्र कुमार थापा
सदस्य श्री कमल प्रसाद चापागाई
सदस्य श्री दिल कुमार नेम्बाङ्ग
सदस्य श्री राज कुमार नेम्वाङ्ग
सदस्य निर बहादुर विश्वकर्मा
सदस्य श्री नरेन्द्र कामी
सदस्य श्री डिल्लीराम विश्वकर्मा

सदस्य श्री शारदा देवी पोखरेल

सदस्य श्री सुस्मिता रम्तेल

सदस्य श्री कामना राई Kamana

सदस्य श्री सिता गिरी वर्देवा

सदस्य श्री सिमा तुम्बापो

सचिव श्री गणेश प्रसाद दाहाल

वैठक संख्याः- ६८

वैठक मितिः- २०७९।०३।३१

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।२९

प्रस्ताव नं.- १

विषयः– स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा (३)(ख) बमोजिम पदपूर्ति समितिको विषयविज्ञ सदस्य तोक्ने सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय सेवाको पाँचौं तह वा सो सरहको रोजगार सहायक पदमा प्रतिस्पर्धाको माध्यम बाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएको हुँदा श्रम, रोजगार तथा सामाजिक मन्त्रालयले स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ जारी गरेको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा

रोजगार सेवा केन्द्रमा खुला प्रतिस्पर्धाको माध्यमबाट रोजगार सहायक पद करारमा पदपूर्ति गर्नका लागि गठन हुने पदपूर्ति समितिमा सम्बन्धित स्थानीय तहले तोकेको विषय विज्ञ सदस्य रहने व्यवस्था छ।

३. पेश गर्नुपर्ने कारण र शाखाको रायः

सम्बन्धित कार्यविधिले निर्धारण गरेको विधि र प्रकृयाको उपयोगबाट पारदर्शी रूपमा कार्य गर्न आवश्यक भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा (३) बुँदा (ख)बमोजिम पदपूर्ति समितिको विषयविज्ञ सदस्य नगरपालिकाका ईन्जिनियर श्री प्रेम बहादुर काफ्लेलाई तोक्ने निर्णय भयो।

बैठक संख्याः- ६८ बैठक मितिः- २०७९।०३।३१

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।२९

प्रस्ताव नं.- २

विषयः– कर्मचारीहरूको म्याद थप, तलब स्केल सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिकामा हाल स्वीकृत रहेको दरबन्दीमा स्थायी तथा करारमा र दरबन्दी स्वीकृत नभएका तर सालवसाली कार्यक्रम स्वीकृत गरी ति कार्यक्रममा र नगरपालिकाको आन्तरिक श्रोतबाट ज्यालादारीमा समेत कर्मचारीहरू कार्यरत रहेका छन्। ति कर्मचारीको सूची संलग्न छ। करारमा काम गरिरहेका कर्मचारीहरूको आ व २०७९। ८० का लागि समेत म्याद थप गरी करार सम्झौता नवीकरण गर्नु पर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ को खण्ड ङ को उपखण्ड ४ बमोजिम स्थानीय कानून बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी निर्धारण गर्नुपर्ने व्यवस्था छ। यसै गरी स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी काम समेत पालिकाको रहन आएको छ। यसै गरी सोही ऐनको दफा ८३ बमोजिम नगरपालिकामा कार्यवोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्ठता समेतलाई ध्यानमा राखी आवश्यक तलबभत्ता, सञ्चयकोष कट्टी, उपदान वा निवृत्तीभरण, औषधीउपचार, विदा लगायतका सेवा सुविधा समेतलको श्रोत सुनिश्चितता गरी स्थायी प्रकृतिका र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तथा निर्धारण गर्नुपर्ने व्यवस्था छ। यसै गरी नगरप्रहरी, सवारी चालक, कार्यालय सहयोगी, सुरसफाई सम्बन्धी पदमा स्थाई पदपुर्ति नगरी प्रतिष्पर्धाका आधारमा सेवा करारबाट लिनुपर्ने व्यवस्था छ। स्थायी प्रकृतिका पदहरूको सूची मन्त्रालयले नै तय गरि पठाए अनुसार कायम गरिएको छ। सेवा करारमा लिइने कर्मचारीको दरबन्दी नगरपालिकाले सालवसाली स्वीकृत गर्ने गरेको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

स्थाई दरबन्दीमा पदपुर्ति नहुन्जेल करार सेवामा नै प्राविधिक कर्मचारी पदपूर्ति गर्ने कार्यविधिकस्वीकृत गरी सो अनुसार र सेवा करारमा लिने कर्मचारीको पदपुर्ति समेत सोही अनुसार पदपुर्ति गरिदै आइएको छ। नगरपालिकामा हाल संलग्न सूची वमोजिमका कर्मचारी कार्यरत रहेको अभिलेख छ। करार सेवामा कार्यरत कर्मचारीको करार संझौता आ व २०७९।८० का लागि पनि थप गरी काम गर्नु गराउनु आवश्यक्ता देखिएको छ। यसै अनुसार संभव भएसम्म हरेक कर्मचारीको कामको लक्ष निर्धारण गरी सो अनुसार कार्य गर्ने गरी करार संझौता नविकरण गर्ने निर्णय हुनुपर्ने देखिएको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) साविकमा स्वीकृत कार्यक्रम अन्तर्गत कार्यरत रहेका र आ व ०७९/८० मा समेत निरन्तरता हुने गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम, गरिबसंग विश्वेश्वर कार्यक्रम, अपांगता रोकथाम तथा पुनस्थापना कार्यक्रम, सुरक्षित आवास कार्यक्रम, नेपाल शहरी शासकीय सुधार कार्यक्रम, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना लगायत स्वास्थ्य चौकी र स्वास्थ्य सेवा केन्द्रहरूमा कार्यरत शशर्त अनुदानबाट तलबभत्ता भुक्तानी हुने गरी सेवा करारका लिईएका कर्मचारीहरूको करार संझौता २०७९।०४।०१ देखि २०७९ असोज मसान्तसम्मको लागि थप गर्ने।

ख) सरसफाईकर्मी, सबारी चालक, नगर प्रहरी, कार्यालय सहयोगी, लगायतका नगरपालिकाको श्रोतबाट तलब भत्ता खाने करार सेवामा कार्यरत कर्मचारीहरूको समेत करार संझौता ०७९।०४।१ देखि लागु हुने गरी २०७९ असोज मसान्तसम्मको लागि थप गर्ने।

ग) लोकसेवा आयोगबाट पदपुर्ति नभएसम्मको लागि स्वीकृत स्थायी दरबन्दी भित्र रही कार्यरत सेवा करारका प्राविधिक कर्मचारीहरूको करार सेवा संझौता ७९।०४।१ देखि लागु हुने २०७९ असोज मसान्तसम्मको लागि थप गर्ने।

घ) सबै कर्मचारीहरूको पारिश्रमिक/ज्याला नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक/ ज्यालालाई आधार मानी विनियोजित श्रोतको परिधिभित्र रही निर्धारण गरी भुक्तानी गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने।

ङ) फिदिम नगरपालिकाको आ.व. २०७८/७९ को लागि स्विकृत वार्षिक विकास कार्यक्रम, सिनं ९१ को भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन, जग्गा नापनक्सांकन, सत्यापन र जग्गा व्यवस्थापन कार्यक्रमबाट पारिश्रमिक भुक्तान गरिदै आएको अमिन श्री दिपक खतिवडासँग गरिएको सेवा सम्झौताको म्याद आ.व. २०७८/७९ सम्मका लागि मात्र रहेकोमा पुन: म्याद थप नगर्ने निर्णय भयो।

बैठक संख्याः- ६८

बैठक मितिः- २०७९।०३।३१

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।२९

प्रस्ताव नं.- ३

विषयः– घ वर्गको निर्माण व्यवसायीको इजाजत प्राप्त गर्न पेश भएको मागनिवेदन सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

देहाय अनुसारको घ वर्गको निर्माण व्यावसाय दर्ता गरी इजाजत प्रदान गर्नको लागि आवेदन प्राप्त भएको छ।

| सि.नं. | व्यवसायको नाम ठेगाना | प्रोप्राइटको नाम ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | फ्याफुल्ला निर्माण सेवा फिदिम ०४, पाँचथर। | अनिस तामाङ फिदिम ०४, पाँचथर | |

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

उल्लेखित निर्माण सेवाहरु घरेलु तथा साना उद्योग कार्यालय पाँचथरमा दर्ता भइसकेका छन्। करदाता सेवा कार्यालय, फिदिम पाँचथरमा मुअकमा समेत आवद्ध भइसकेको छ। प्राप्त प्राविधिक प्रतिवेदनअनुसार, फिदिम नगरपालिकाको घ वर्गका निर्माण व्यावसायीको दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७४ मा तोकिएका सबै प्रकृया पुरा भएको देखिएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

फिदिम नगरपालिकाको घ वर्गका निर्माण व्यावसायीको दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि,२०७४ बमोजिम इजाजत प्राप्त गरेपछि मात्र कारोवार गर्न पाउने भएकोले इजाजत दिन उपयुक्त देखिएको।

४. निर्णय हुनुपर्ने व्यहोराः

देहाय अनुसार घ बर्गको निर्माण व्यावसायहरूलाई इजाजत प्रदान गरी अभिलेख राख्न कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो।

| सि.नं. | व्यावसायको नाम ठेगाना | प्रोप्राइटको नाम ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | फ्याफुल्ला निर्माण सेवा फिदिम ०४, पाँचथर। | अनिस तामाङ फिदिम ०४, पाँचथर | प्रा.फा.द.नं. २३८१/२०७८/०७९ मू.अ.क.द.नं. ६०२०००६६० |

वैठक संख्याः- ६८

वैठक मितिः- २०७९।०३।३१

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।२९

प्रस्ताव नं.- ४

विषयः– टोल विकास संस्था गठन सम्बन्धी आवश्यक कार्यविधिको मस्यौदा तर्जुमा सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

स्थानीय सरकार संचालन ऐनको दफा १०२ मा पनि गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने कुरा लेखिएको छ । यस्तो ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्तछ । फिदिम नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनको अधीनमा रही टोल विकास संस्था गठन सम्बन्धी कार्यविधिको मस्यौदा तर्जुमा गर्न कार्यप्रारम्भ गर्नुपर्ने भएको छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

विकास निर्माण तथा अन्य सामाजिक सवालहरूमा स्थानीय समुदायसंग संयुक्त प्रयास गर्न, निश्चित भूगोलका स्थानीय समुदायका नागरिकहरूलाई संभव भएसम्म कुनैपनि घरधुरी नछुट्ने गरी संगठित गराउन, वडा कार्यालय वा सरोकारवाला निकाय वा समुदायको सहयोगी र उत्प्रेरकको रूपमा कार्य गर्न, समुदायलाई स्वतस्फुर्त विकास गतिविधिमा परिचालन गर्न टोलविकास समितिको आवश्यकता हुन्छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

स्थानीय विकास प्रकृयामा टोल तथा बस्ती स्तरबाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सिर्जना गर्ने कार्यका लागि आवश्यक टोल विकास संस्थाको गठन एवं व्यवस्थापन सम्बन्धी कार्यविधिको मस्यौदा तयार गर्न निर्णय लिनुपर्ने भएकोले ।

४. निर्णय हुनुपर्ने व्यहोराः

टोल विकास संस्था गठन सम्बन्धी कार्यविधिको मस्यौदा तयारी गर्न कार्यालयलाई निर्देश गर्ने ।

बैठक संख्याः- ६८

बैठक मितिः- २०७९।०३।३१

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।२९

प्रस्ताव नं.- ५

विषयः– शिक्षक व्यवस्थापनका लागि अनुदान रकम निकासा सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि,२०७७ अनुसार यस नगरपालिकाका निम्न माध्यमिक र माध्यमिक तहका विद्यालयमा रहेका ३४ जना शिक्षकहरुको आ.व. २०७९/८० को पारिश्रमिक रकम LMBIS मा प्रविष्टी भएको पाईएन। ति शिक्षकहरुको निरन्तरता अझै आवश्यक रहेकोले निजहरुको पारिश्रमिक आर्थिक वर्ष २०७९/८० का लागि समेत व्यवस्था हुनका लागि शिक्षा तथा मानव स्रोत विकास, सानोठिमी, भक्तपुरसँग समन्वय गर्नुपर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

फिदिम नगरपालिकाका १९ वटा विद्यालयहरुमा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि,२०७७ बमोजिम अंग्रेजी, विज्ञान र गणित विषयका शिक्षकहरु निम्न माध्यमिक तहमा १७ जना र माध्यमिक तहमा १७ गरी जम्मा ३४ जना कार्यरत रहेको अवस्था छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

विद्यालय प्रशासन तथा व्यवस्थापन क्रमशः स्थानीय तहलाई हस्तान्तरण हुँदै आएको हालको प्ररिपेक्ष्ममा साविकमा व्यवस्थापन गरिएका योग्य र सक्षम शिक्षकहरुको उपलब्धतालाई निरन्तर गर्न स्थानीय तहले प्रयत्न गर्नुपर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि,२०७७ बमोजिम आर्थिक वर्ष २०७८/०७९ देखि नै यस नगरपालिकाअन्तर्गतका १९ वटा विद्यालयहरु निम्न माध्यमिक तहमा कार्यरत १७ जना र माध्यमिक तहमा कार्यरत १७ जना गरी कुल ३४ जना शिक्षकहरुको पारिश्रमिक निकासा भएको मा आ.व. २०७९/८० को बजेटमा उक्त कार्यक्रमको बजेट समावेश नभएको र सोबाट यस नगरपालिका भित्रका विद्यालयहरुको शिक्षण सिकाईमा प्रत्यक्ष असर पर्ने भएकोले आर्थिक वर्ष २०७९/८० का लागि समेत बजेट व्यवस्था गरिदिन शिक्षा तथा मानव स्रोत विकास, सानोठिमी भक्तपुरलाई अनुरोध गर्ने निर्णय भयो।

बैठक संख्याः- ६८

बैठक मितिः- २०७९।०३।३१

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।२९

प्रस्ताव नं.- ६

विषयः– फिदिम नगरपालिकाको शिक्षा नियमावली संशोधन सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

फाल्गुनन्द गाउँपालिकामा सञ्चालित पौवासार्तापं बोर्डिङ स्कुलले फिदिम नगरपालिका वडा नं. ०२ मा स्थानान्तरण भई आउन माग निवेदन पेश गरेको छ । नगरपालिकाको मौजुद शिक्षा ऐन र नियमावलीले सो सम्बन्धमा स्पष्ट व्यवस्था नगरेको हुँदा नियमावली संशोधन आवश्यक भएको छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

नयाँ विद्यालय सञ्चालनका लागि अनुमति प्रदान गर्नुपूर्व निर्धारित मापदण्डहरु पुगेनपुगेको हेरिन्छ । सामान्यतया: स्थलगत निरीक्षण गर्दा भवन लगायतका भौतिक पूर्वाधारहरु विद्यार्थी र सिकाईमैत्री भएको र तोकिएअनुसार जनशक्ति व्यवस्थापन भएको पाईएका विद्यालयलाई सञ्चालन अनुमति प्रदान गरिन्छ । नयाँ विद्यालयको स्थापना र स्थानान्तरण भई सञ्चालनमा आउने विद्यालयले पूरा गर्नुपर्ने मापदण्डहरु धेरै हदसम्म मिल्दाजुल्दा नै हुन्छन् ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

फिदिम नगरपालिका शिक्षा नियमावली, २०७४ मा संस्थागत विद्यालयको स्थानान्तरण सम्बन्धमा कुनै व्यवस्था नभएको र हाल अन्यत्र गाउँपालिकाबाट स्थान्तरण भई आउन ईच्छुक विद्यालयले पेश गरेको मागनिवेदन उपर कारबाही गर्ने सन्दर्भमा नियमावली संशोधनको आवश्यकता परेको हो ।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिका शिक्षा नियमावली,२०७४ को नियम ६ पछि ६ (क) थप गरी नियमावली संशोधन गर्न पेश भएको यसैसाथ संलग्न फिदिम नगरपालिका शिक्षा (पहिलो संशोधन) नियमावली स्वीकृत गर्ने ।

फिदिम नगरपालिका शिक्षा (पहिलो संसोधन) नियमावली २०७९

फिदिम नगरपालिका शिक्षा नियमावली २०७४ लाई संसोधन गर्न बान्छनिय भएकोले, फिदिम नगरपालिका शिक्षा ऐन २०७४ को दफा ४९(१) ले दिएको अधिकार प्रयोग गरि फिदिम नगर कार्यपालिकाले यो नियमावली जारी गरेको छ।

१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यो नियमावलिको नाम "फिदिम नगरपालिका शिक्षा (पहिलो संसोधन) नियमावली २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ।

२) फिदिम नगरपालिका शिक्षा नियमावली २०७४ को नियम ६ पछि देहायको नियम ६ क थप गरिएको छ।

६ क संस्थागत विध्यालय स्थान्तरण सम्वन्धि व्यवस्था : संस्थागत बिध्यालय स्थान्तरणगर्दा देहाय बमोजिम मात्र हुने छ।

(क) नगरपालिका भित्रका संस्थागत बिध्यालय स्थान्तरण : नगरपालिका क्षेत्र भित्र अनुमति पाप्त गरि सञ्चालन भएका संस्थागत बिध्यालय एक स्थान बाट अर्को स्थानमा स्थानान्तरण गर्न चाहेमा निम्न बमोजिमका कागजात सम्लग्न राखि शैक्षिक सत्र सुरुहुनु भन्दा दुई महिना अगावै नगर कार्यपालिकाको कार्यालयमा अनुसूचि ४ बमोजिमको ढाँचामा निबेदन दिनु पर्ने छ।

(१) बिध्यालय सञ्चालनको अनुमति पत्रको प्रतिलिपि ।
(२) जुन स्थान बाट बिध्यालय स्थान्तरण हुनेहो सो स्थानको वार्ड कार्यालयको सिफारिस पत्र ।
(३) जुन स्थानमा विध्यालय स्थान्तरण हुनेहो उक्त स्थानको वार्ड कार्यालयको स्थान्तरण सहमति सिफारिस पत्र ।
(४) विध्यालय जुन स्थानमा स्थान्तरण भैआउनेहो उक्त स्थानको सबै भन्दा नजिकको सामुदायिक बिध्यालयको स्थान्तरण सहमति सिफारिस पत्र ।
(५) बिध्यालय स्थान्तरण सम्बन्धि बिध्यालय व्यबस्थापन समितिको निर्णय ।
(६) चालु कक्षा थपको अनुमति पत्रको प्रतिलिपि ।
(७) सस्था दर्ता नविकरण,लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।
(८) विद्यालयको शैक्षिक सत्रको इमिस भरेको विद्यालयको कोड नम्वर ।
(९) आयकर दर्ता ( स्थायी लेखा न. ) , अघिल्लो वर्षसम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
(१०) तह अनुसारको धरौटी रकम राखेको भौचर ।
(११) विद्यालयले विद्यार्थी . । लिने शुल्क प्रस्ताव स्वीकृत गरिएको प्रतिलिपी ।
(१२) स्थानान्तरण हुने विध्यालयको स्थान्तरण हुने स्थानमा आफ्नो स्वामित्वमा घर जग्गा नभएमा न्यूनतम् ५ वर्षसम्म अबधि भएको सम्झौता गरेको कागजको प्रतिलिपि ।

(ख) अन्तर स्थानीय तह बिध्यालय स्थान्तरण सम्बन्धि व्यबस्था :

कुनै एक स्थानीय तहमा बिध्यालय सञ्चालनको अनुमति प्राप्त गरि सञ्चालन भएको संस्थागत बिध्यालय अर्को स्थानीय तहमा स्थानान्तरण गर्न चाहेमा निम्न बमोजिमका कागजात सम्लग्न राखि शैक्षिक सत्र सुरुहुनु भन्दा दुई महिना अगाबै नगर कार्यपालिकाको कार्यालयमा अनुसूचि ४ को ढाँचामा निबेदन दिनु पर्ने छ ।

(१) बिध्यालय सञ्चालन अनुमति पत्रको प्रतिलिपि ।
(२) बिध्यालय सञ्चालक समितिको बिध्यालय स्थान्तरण सम्बन्धि निर्णय ।
(३) जुन स्थानीय तहबाट बिध्यालय स्थान्तरण हुनेहो उक्त स्थानीय तहको सहमति सिफारिस पत्र ।
(४) जून स्थानमा बिध्यालय स्थानान्तरण भै आउनेहो उक्त स्थानको वार्ड कार्यालयको बिध्यालय स्थानान्तरण सहमति सिफारिस पत्र ।
(५) जुन स्थानमा बिध्यालय स्थानान्तरण भै आउनेहो उक्त स्थानको नजिकमा रहेको सामुदायीक बिध्यालयको सहमती पत्र ।
(६) चालु कक्षा थप अनुमति पत्रको प्रतिलिपि पत्र ।
(७) सस्था दर्ता नविकरण र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।
(८) विद्यालयको शैक्षिक सत्रको इमिस भरेको विद्यालयको कोड नम्वर ।
९) आयकर दर्ता ( स्थायी लेखा न.) , अघिल्लो बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
(१०) तह अनुसारको धरौटी रकम राखेको भौचर ।
(११) विद्यालयले विद्यार्थी सग लिने शुल्क प्रस्ताव स्वीकृत गरिएको प्रतिलिपी ।
(१२) विद्यालयमा कार्यरत शिक्षक ,कर्मचारीहरुको सेवा शर्त सम्वन्धी विनियमावलीको प्रतिलिपी ।
(१३) विद्यालयले पठन पाठन गराउने पाठ्यकम विकास केन्द्रद्वारा सुचीकृत पाठ्यपुस्तकको विवरण ।
(१४) स्थानान्तरण हुने विध्यालयको स्थान्तरण हुने स्थानमा आफनो स्वामित्वमा भवन तथा जग्गा नभएमा न्यूनतम् ५ बर्ष सम्म समयाबधिको सम्फौता गरेको कागजको प्रतिलिपि ।
(१५) बिध्यालय सञ्चालन सम्वन्धि कम्पनि रजिष्टारको कार्यालय वा गुठि दर्ता स्विकृत प्रबन्ध पत्रको प्रतिलिपि ।

(ग) उपनियम (क) वा (ख) बमोजिमको निबेदन प्राप्त हुन आएमा नगरपालिकाको कार्यालय शिक्षा युबा तथा खेलकुद शाखा बाट अनुगमन गरि प्रतिबेदन पेश गर्नु पर्ने छ ।

(घ) उपनियम (ग) बमोजिम प्रतिबेदन बाट बिध्यालय स्थानान्तरण गर्न आबश्यक कागजाज सहितको सिफारिस उचित देखिएमा नगर शिक्षा समितिको बैठमा उक्त प्रतिवेदन पेश गर्नु पर्ने छ ।

(ङ) उपनियम (घ) बमोजिम नगर शिक्षा समितिको बैठकबाट विध्यालय स्थानान्तरण को सिफारिस प्राप्त भए पछि नगर कार्यपालिकाको बैठक बाट बिध्यालय स्थानान्तरणको स्विकृत प्रदान गर्न सक्नेछ ।

(च) उपनियम (ङ) बमोजिम नगरकार्यपालिका बाट बिध्यालय स्थान्तरण सम्बन्धि अनुमति प्रदान गर्दा सामान्यतया शैक्षिक सत्र सुरुहुनु भन्दा अगाडिनै प्रदान गर्नु पर्ने छ ।

वैठक संख्याः- ६८

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०३।२९ वैठक मितिः- २०७९।०३।३१

प्रस्ताव नं.- ७

विषयः– फोहरमैला व्यवस्थापन सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

शहरीकरण र दिनानुदिन बढ्दो जनसंख्याका कारण फिदिम नगरपालिकाको फोहर व्यवस्थापन चुनौती पूर्ण बन्दै गएको छ। फोहरमैला व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारीको अवधारणालाई अवलम्बन गर्ने फिदिम नगरपालिकाको आ.व. ०७९/८० को नीतिलाई कार्यान्वयन गर्न कार्यप्रारम्भ गर्नुपर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

अन्य स्थानीय तहहरुको अनुभवबाट फोहरमैलाको स्रोतमा न्यूनीकरण, पुर्न प्रयोग, प्रशोधन वा विसर्जनको कार्य प्रभावकारी हुने तथा कार्यवोझ कम हुने र मितव्ययी समेत हुने भएकोले फोहर मैला व्यवस्थापनको लागि PPP मोडल सफल अभ्यास हुने देखिन आएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

फोहर मैला व्यवस्थापनका लागि फिदिम नगरपालिकाले लिएको नीतिलाई कार्यान्वयन गर्नका लागि सेवा प्रदायक छनोट गर्नुपर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

फोहरमैला व्यवस्थापनसम्बन्धी ऐन/नियम एवं सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएका सेवा खरिद सम्बन्धि व्यवस्थाको परिधिभित्रै रही सार्वजनिक निजी साझेदारी अवधारणाअनुरुप फिदिम नगरपालिकाको फोहरमैला व्यवस्थापनको प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देश गर्ने।